# अमरगढी नगरपालिकाको नगर प्रहरी गठन तथा सञ्चालन (पहिलो संसोधन) कार्यविधि,२०८१

**प्रस्तावना:** अमरगढी नगरपालिकाको नगर प्रहरीगठन तथा सञ्चालन कार्यविधि,२०८० लाइ संसोधन गर्न वाञ्छनिय भएकाले अमरगढी नगरपालिकाको प्रशासकीय (कार्यविधि नियमित गर्ने) ऐन, २०७५ को दफा ४ दिएको अधिकार प्रयोग गरी अमरगढी नगरपालिकाले यो कार्यविधि वनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१)यस कार्यविधिको नाम "अमरगढी नगरपालिकाको नगर प्रहरी गठन तथा संचालन (पहिलो संसोधन), कार्य विधि ,२०८१ रहेको छ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

२. अमरगढी नगरपालिकाको नगर प्रहरी गठन तथा सञ्चालन कार्यविधि,२०८० को अनुसूची १ मा संसोधन:

अमरगढी नगरपालिकाको नगर प्रहरी गठन तथा संचालन कार्यविधि २०८०( यस पछि 'मुल कार्यविधि' भनिएको) को अनुसुची १ ग(११) मा भएको उमेर हद ४० वर्षको सट्टा ५० वर्ष बनाइएको।

अनुसुची १(घ) मा संसोधनः

(क) घ (१) लाइ हटाइ " नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको जवान पदमा रही कामकाज गरी स्वच्छिक वा अनिवार्य अवकास प्राप्त गरेको" थप गरिएको।

(ख) घ(२) झीकिएको।

(ग) घ(१२) संसोधन गरी 'उमेर ४५ बर्ष ननाघेको थप गरिएको।

(घ) घ(१३) झीकिएको।

३ . अनुसुची २ मा संसोधन : (१) अनुसुची २ झिकिएको।

(२) अनुसुची २(क) झिकीएको

४ . अनुसुची ३ मा संसोधन: 'जवान बाहेक' भन्ने शब्दावली झिकीएको।

५. अनुसुची ३(क) संसोधनः 'जवान बाहेक' भन्ने शब्दावली झिकीएको।